# 'महाभोज' लाई सकारात्मक प्रतिक्रिया

**पोखरा, ४ असार (आदर्श समाज)-** फिल्म 'महाभोज' ले सहकारी क्षेत्रमा भइरहेको ठगी र दुरुपयोगको यथार्थ चित्रण गरेको भन्दै प्रतिनिधि सभा सदस्य ज्ञानेन्द्र शाहीले यस विषयलाई संसद्मा पुनः उठाउनुपर्ने आवश्यकतामा जोड दिएका छन् ।

क्युएफएक्स सिनेमा हलमा चलचित्र हेरेपछि सञ्चारकर्मीसँग प्रतिक्रिया दिँदै उनले यस्तो बताएका हुन् ।

उनले 'महाभोज'ले कुनै व्यक्ति लक्षित नगरी सहकारीमा कसरी ठगी हुन्छ भन्ने समग्र पक्षलाई उजागर गरेको बताए । उनले सहकारीको स्थापना राम्रो उद्देश्यका लागि भए पनि त्यसको दुरुपयोग भइरहेको यथार्थ चलचित्रमा देखाइएको उल्लेख गरे ।

गत शुक्रबार रिलिज यो फिल्मले दर्शकबाट सकारात्मक प्रतिक्रिया पाइरहेको छ । सहकारी ठगीजस्तो संवेदनशील सामाजिक यथार्थ र मानवीय संवेदनशीलतालाई गहिराइमा चित्रण गरेको भन्दै दर्शकले यसको प्रशंसा गरेका छन् । समीक्षकहरूले पनि यसको पटकथा, निर्देशन र कलाकारहरूको अभिनयको खुलेर प्रशंसा गरेका छन् ।

दिनेश राउतको निर्देशन र विकास सुवेदीको लेखन रहेको 'महाभोज' क्लक वर्क क्रियसन र पिक्चर फ्रेमको संयुक्त प्रस्तुति हो । हिमाल कडरियाले निर्माण गरेको यस चलचित्रमा आर्यन सिग्देल, दयाहाङ राई, खगेन्द्र लामिछाने, अञ्जना बराइली, मलिका महत, गौमाया गुरुङ, बुद्धि तामाङ, विनोद न्यौपाने, कमलमणि नेपाल, मोहन निरौला, वसुन्धरा भुसाल, सुरक्षा पन्त लगायत कलाकारको अभिनय छ ।

# वडा २६ का महिलालाई तालिम



**पोखरा, ४ असार (आदर्श समाज)-** पोखरा वडा २६ का महिलाहरुको नेतृत्व क्षमता विकास तथा बोल्नेकला अभिवृद्धि गर्ने उद्देश्यले साताव्यापी उद्घोषण तथा समूह व्यवस्थापन तालिम दिइएको छ ।

वडा कार्यालयको आयोजना र शुभ पार्टी प्यालेस समन्वयमा दुई चरणमा सञ्चालित तालिममा १२० जना महिला सहभागी थिए ।

समापनमा वडाध्यक्ष नरेन्द्रबहादुर थापाले प्रशिक्षार्थीलाई सिकेका ज्ञान र सीप आफ्नो टोल र समूहमा फैलाएर नेतृत्व लिन सुझाव दिए ।

वडासदस्य सुजता बराल सुनारले विगतमा सञ्चालित छोटा अवधिका तालिम अपर्याप्त भएको गुनासो आएपछि यसपालि साताव्यापीरुपमा संचालन गरिएको बताइन् ।

वडाका सूचना अधिकारी नवराज सापकोटाले तालिममा सहभागीहरु राम्रोसँग प्रशिक्षित भएकाले सिकेका ज्ञान, सीप र क्षमतालाई व्यवहारमा उतार्न आग्रह गरे ।

प्रमुख प्रशिक्षक घनश्याम पाण्डेले सहभागीको सिक्ने हुटहुटी, ऊर्जा र जिज्ञासु स्वाभावको प्रशंसा गरे ।

सहभागी शान्ति केसी, सोनु तामाङ, टीकाकुमारी सिग्देलले तालिम फलदायी भएको प्रतिक्रिया दिए ।

समापनमा वडाध्यक्ष थापासहित वडा सदस्य लक्ष्मीदेवी भट्टराई, सुजता बराल सुनार, तीर्थबहादुर राजभाट र वडासचिव लीलामणि भण्डारीले सहभागीलाई प्रमाणपत्र वितरण गरे ।

वडासदस्य लक्ष्मीदेवी भट्टराईको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन तालिमकै प्रशिक्षार्थी अप्सरा अधिकारी तिमिल्सिनाले गरेकी थिइन् ।

# छात्रालाई मन्टेश्वरी तालिम



**पोखरा, ४ असार (आदर्श समाज)-** कन्या क्याम्पसका छात्राहरुका लागि तीनमहिने मन्टेश्वरी तालिमको उद्घाटन भएको छ ।

तालिमको उद्घाटन गर्दै क्याम्पस व्यवस्थापन समिति अध्यक्ष शिवलाल मल्लले छात्राहरुलाई व्यावहारिक ज्ञान प्रदान गर्न तालिमको आयोजना गरिएको बताए ।

प्रमुख अतिथि सांग्रिला विकास बैंक गण्डकी प्रदेशका प्रदेश प्रमुख रेवन्त श्रेष्ठले बैंकले सामाजिक उत्तरदायित्व अन्तर्गत यस्तो महत्वपूर्ण सहयोग प्रदान गरेको बताउँदै आगामी दिनहरुमा पनि सहयोग निरन्तर रहने प्रतिबद्धता व्यक्त गरे ।

तालिमका प्राविधिक सहयोगी संस्था पोखरा मन्टेश्वरी तालिम केन्द्रका सञ्चालक तथा प्रमुख प्रशिक्षक कल्पना थापाले तालिम पूर्णरुपमा सम्पन्न गर्ने सहभागीहरूलाई रोजगारीको सुनिश्चितता गर्ने प्रतिबद्धता व्यक्त गरिन् ।

विश्वविद्यालय अनुदान आयोग र सांग्रिला विकास बैंकको आर्थिक सहयोगमा सञ्चालित तालिममा २८ जना छात्राहरूले भाग लिएका छन् ।

उद्घाटन कार्यक्रममा क्याम्पस प्रमुख सुरेशकुमार मानन्धर, प्राध्यापक संघका सभापति दीनानाथ अधिकारी, अभिभावक समितिका अध्यक्ष शिवराज पराजुलीलगायत वक्ताले शुभकामना मन्तव्य राखेका थिए । सहायक क्याम्पस प्रमुख चित्रबहादुर श्रेष्ठले कार्यक्रम सञ्चालन गरे ।

## कृषि बजार व्यवस्थापन समिति

पोखरा महानगर-९, शान्तिवन, कास्की
फोन : ०६१-५८२५९२, ५८०७५५

**कृषक परिचय-पत्रका लागि आवेदन आह्वान**

मिति : २०८२/०३/०५

यस कृषि बजार व्यवस्थापन समितिको कृषक सेडमा बसी आफ्नै स्थानीय कृषि उपज (तरकारी तथा फलफूल) सहित बिक्री गर्ने कास्की जिल्लाभित्रका कृषकहरुलाई परिचय-पत्र वितरण गर्ने निर्णय भएको हुँदा तपसिलका कागजातहरुसहित सूचना प्रकाशन भएको मितिले १५ दिनभित्रमा आवेदन दिनुहुन जानकारी गराइन्छ ।


**आवश्यक कागजातहरु**

१. जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि :
 (क) जग्गाधनीसँगको नाता प्रमाणित प्रतिलिपि
 (ख) जग्गा भाडामा लिएको भए जग्गा सम्झौता-पत्रको प्रतिलिपि र सो जग्गाको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि
२. कृषक समूह वा कृषि सहकारीको सिफारिस-पत्रको प्रतिलिपि
३. सम्बन्धित वडा कार्यालयको सिफारिस-पत्रको प्रतिलिपि
४. पासपोर्ट साइजको फोटो २ प्रति
५. नागरिकताको प्रतिलिपि

## हार्दिक समवेदना

*इन्द्रै विन्ति गरुन् झुकेर पदमा त्यो विन्ति मान्दैन त्यो ।*
*आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ॥*

जन्मः वि.सं. २००५/०४/१०



स्वर्गारोहणः वि.सं. २०८२/०२/२४

**स्व.मीनबहादुर थापा**

यस आमा समूहका सदस्य सीता थापाका श्रीमान् मीनबहादुर थापाको ७७ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत भएका छौं । आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**प्रभा गौतम**
अध्यक्ष तथा
**कुँडहर आमा समूह परिवार**
पोखरा-१२, कास्की

## गल्याङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

गल्याङ, स्याङ्जा, गण्डकी प्रदेश

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०३/०५**

उपरोक्त विषयमा यस कार्यालयबाट मिति २०८२-०२-१८ गतेको पोखरा हटलाइन पत्रिका र गल्याङ नगरपालिकाको वेब-साइटमा प्रकाशित सूचना अनुसार तथा **www.bolpatra.gov.np/e–GP** को **E–procurement Portal** मा समेत प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरू मध्य तपसिल बमोजिमको बोलपत्रदाताको न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले बोलपत्र स्वीकृतिको लागि मूल्याङ्कन समितिबाट सिफारिस भए बमोजिम सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा २ र ३ र सोही ऐनको दफा ४७ प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | कार्यक्रमको नाम | ठेक्का नं. | बोलपत्रदाताको नाम | बोलपत्रदाताको कबोल अङ्क (मू.अ.कर बाहेक) |
|---|---|---|---|---|
| 1. | **Procurement and Supply of Doe and Breeding Buck For Galyang Municipality For F/Y 2081-82 3rd time** | GM/SYA/SQ/GOODS/22/2081-82(3rd time) | Muktinath Livestock bank Ltd. Basundhara-3, Kathamndu | **16,45,200** |

**पुरुषोत्तम घिमिरे**
**प्रमुख प्रशासकीय अधिकृत**

## गोप्य सिलबन्दी बोलपत्रद्वारा गैह्रबैंकिङ सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८२/०३/०५

यस सहकारीको आफ्नो स्वामित्वमा रहेको उल्लेखित गैह्रबैंकिङ सम्पत्ति जस्तो अवस्थामा छ सोही अवस्थामा सहकारी ऐन नियमावली तथा प्रचलित कानुन बमोजिम गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने हुँदा सो सम्पत्ति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/संस्थाबाट तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत तोकिएको समय अवधिभित्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | जिल्ला | गा.वि.स/म.न.पा/वडा नं. | नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मी) | गैह्रबैंकिङ सम्पत्तिको किसिम |
|---|---|---|---|---|---|---|
| १ | कास्की | पोखरा-८, न्यूरोड | ०९३०९२०१६ | २४ | २४२ वर्ग मिटर | घर जग्गा/रैकर निजी |

**शर्तहरु**

१) बोलपत्र फारम यस संस्थाको मुख्य कार्यालय काहूँ तथा सदस्य सेवाकेन्द्र फूलबारीबाट रु १०००/-(अक्षेरुपी एक हजार) मात्र फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।
२) बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफूले लिन चाहेको अचल सम्पत्तिको विवरण यस संस्थाबाट प्रकाशित सूचनाको आधारमा नै भर्नुपर्नेछ । अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मूल्य अङ्क र अक्षरमा भर्नुपर्नेछ । अङ्क र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ । बोलपत्रमा उल्लेख भएका विषय बाहेक अन्य कुनै थप शर्त राखी बोलपत्र पेश गर्न पाइने छैन ।
३) बोलपत्रमा आफूले कवुल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संस्थाको नाममा रहेको लुम्बिनी विकास बैंक फूलबारीमा रहेको खाता नं. ०५१००१२००९६८७५००००१ मा जम्मा गरेको सक्कल भौचर बोलपत्र साथ पेश गर्नुपर्नेछ ।
४) लिलाम बिक्री हुने धितो निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै यस संस्थाको कार्यालय समयभित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ, सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै तोकिएको अवस्था वा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५) बोलपत्र स्वीकृत भएको बोलपत्रकर्ताले बोलपत्र खोलिएको ३५ दिनभित्र सम्पूर्ण रकम वुझाई अचल सम्पत्ति आफ्नो नाममा नामसारी लिनुपर्ने छ । सो म्यादभित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ र जो दोस्रो व्यक्ति/फर्म/कम्पनी रहेको छ, उसैलाई नामसारी प्रक्रिया अगाडि बढाउनेछ । नामसारी गर्दा लाग्ने दस्तुर पुँजीगत लाभकर, पानी, बिजुली, मालपोत कर दस्तुर सदर भएको बोलपत्रदाताले बहन गर्नुपर्नेछ ।
६) बोलपत्र दाखिला भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
७) रीत नपुगेको वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
८) लिलाम बिक्री सम्बन्धी सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र बोलपत्र पेश गर्नुपर्ने छ । उक्त दिन बिदा परेमा सो को भोलीपल्ट कार्यालय समयभित्र पेश गर्न सकिनेछ ।
९) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न संस्थालाई बाधा परेको मानिने छैन ।
१०) बोलपत्र स्वीकार गर्ने वा अस्वीकार गर्ने वा बिक्री वितरण वा नामसारी गर्ने अधिकार संस्थामा निहीत हुनेछ ।

| गोप्य सिलबन्दी पेश गर्ने | गोप्य सिलबन्दी खोल्ने |
|---|---|
| मिति :- २०८२/०३/१९<br>समय :- दिनको ५:०० बजेसम्म<br>स्थान :- संस्थाको मुख्य कार्यालय, पोखरा-११, काहूँ<br>सदस्य सेवा केन्द्र, पोखरा-११, फूलबारी | मिति :- २०८२/०३/२०<br>समय :- दिनको १:०० वजे<br>स्थान :- संस्थाको मुख्य कार्यालय, पोखरा-११, काहूँ |

**काहूँकोट बहुउद्देश्यीय सहकारी संस्था लि.**
पोखरा-११ । फोन नं. ०६१-५८७५८८

# तनहुँ जलविद्युत् आयोजना निरीक्षण

**तनहुँ, ४ असार (रासस)-** तनहुँको ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका) नेपाल प्रमुखको टोलीले आज अनुगमन गरेको छ ।

जाइका नेपाल कार्यालयका प्रमुख मात्सुजाकी मिजुकी नेतृत्वको टोलीले आयोजनाको स्थलगत निरीक्षण गर्दै हालसम्मको प्रगतिबारे जानकारी लिएको छ । जलविद्युत् आयोजनामामा जाइकाको लगानी रहेको छ ।

टोलीले आयोजनाका प्याकेज-१ र २ अन्तर्गतका निर्माणाधीन संरचनाको स्थलगत निरीक्षण र आयोजना प्रमुख, आयोजना सुपरीवेक्षण परामर्शदाताका प्रमुखलगायतसँग छलफल गरेको छ ।

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल असार महिना ५ गते विहीबार)

यस विकास बैंकको शाखा कार्यालय दमौलीबाट उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**क) कर्जा शीर्षक : सहुलियतपूर्ण कृषि कर्जा**

**ऋणीको विवरण**

नाम : **कौतीमा मल्टी एग्रो प्रा.लि.** अख्तियार प्राप्त व्यक्ति : सुसिल पौडेल दर्ता नं. : २६१५२०/०७७/०७८
दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यलय दर्ता मिति : २०७७/१२/२५
रजिष्टर्ड ठेगाना : तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ११ स्थायी लेखा नं. : ६०९९९३२८८

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) बलभद्र पौडेलको नाति शंकरदेव पौडेलको छोरा तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ४ हाल, वडा नं. ११ बस्ने **सुसिल पौडेल** (ना.प्र.नं. : ४३१०२०/१०७२२० जारी मिति र जिल्ला : २०६५/०३/१९, तनहुँ)
२) मोहननाथ पौडेलको नाति बलभद्र पौडेलको छोरा तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ४ हाल, वडा नं. ११ बस्ने **शंकर देव पौडेल** (ना.प्र.नं. : ११५० जारी मिति र जिल्ला : २०४१/०९/२३, तनहुँ)
३) पुरुषोत्तम वाग्लेको छोरी बलभद्र पौडेलको बुहारी शंकरदेव पौडेलको पत्नी तनहुँ जिल्ला जामुने वडा नं. १ हाल, व्यास न.पा. वडा नं. ११ **रिता वाग्ले** (ना.प्र.नं : ६७४३२, जारी मिति र जिल्ला : २०६०/०७/२४, तनहुँ)
४) बलभद्र पौडेलको नाति शंकरदेव पौडेलको छोरा तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ४ हाल, वडा नं. ११ बस्ने **साहास पौडेल** (ना.प्र.नं. : ४३१००१/२६ जारी मिति र जिल्ला : २०६७/०३/१०, तनहुँ)
५) सोम राज न्यौपानेको छोरी शंकरदेव पौडेलको बुहारी सुसिल पौडेलको पत्नी तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ६ हाल, वडा नं. ११ **समिक्षा न्यौपाने** (ना.प्र.नं : ४३-०१-७५-०१४४१, जारी मिति र जिल्ला : २०७५/०२/०९, तनहुँ)

**ख) कर्जा शीर्षक : कृषि कर्जा**

**ऋणीको विवरण**

नाम : **पौडेल पोल्ट्री फर्म** प्रोप्राइटरको नाम : सुसिल पौडेल प्रा.फ.र.नं. : ६००७/०७४/०७५
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यलय, तनहुँ दर्ता मिति : २०७४/०४/१५
रजिष्टर्ड ठेगाना : तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ११ स्थायी लेखा नं. : ६०६३१०३८१

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) बलभद्र पौडेलको नाति शंकरदेव पौडेलको छोरा तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ४ हाल, वडा नं. ११ बस्ने **सुसिल पौडेल** (ना.प्र.नं. : ४३१०२०/१०७२२० जारी मिति र जिल्ला : २०६५/०३/१९, तनहुँ)
२) मोहननाथ पौडेलको नाति बलभद्र पौडेलको छोरा तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ४ हाल, वडा नं. ११ बस्ने **शंकर देव पौडेल** (ना.प्र.नं. : ११५० जारी मिति र जिल्ला : २०४१/०९/२३, तनहुँ)
३) पुरुषोत्तम वाग्लेको छोरी बलभद्र पौडेलको बुहारी शंकरदेव पौडेलको पत्नी तनहुँ जिल्ला जामुने वडा नं. १ हाल, व्यास न.पा. वडा नं. ११ **रिता वाग्ले** (ना.प्र.नं : ६७४३२, जारी मिति र जिल्ला : २०६०/०७/२४, तनहुँ)
४) बलभद्र पौडेलको नाति शंकरदेव पौडेलको छोरा तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ४ हाल, वडा नं. ११ बस्ने **साहास पौडेल** (ना.प्र.नं. : ४३१००१/२६ जारी मिति र जिल्ला : २०६७/०३/१०, तनहुँ)
५) सोम राज न्यौपानेको छोरी शंकरदेव पौडेलको बुहारी सुसिल पौडेलको पत्नी तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ६ हाल, वडा नं. ११ **समिक्षा न्यौपाने** (ना.प्र.नं : ४३-०१-७५-०१४४१, जारी मिति र जिल्ला : २०७५/०२/०९, तनहुँ)

**ग) कर्जा शीर्षक : कृषि कर्जा**

**ऋणीको विवरण**

नाम : **पौडेल फिसरिज** प्रोप्राइटरको नाम : सुसिल पौडेल प्रा.फ.र.नं. : ६१४०/०७४/०७५
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यलय, तनहुँ दर्ता मिति : २०७४/०५/२३
रजिष्टर्ड ठेगाना : तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ११ स्थायी लेखा नं. : ६०६३१०३८१

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) बलभद्र पौडेलको नाति शंकरदेव पौडेलको छोरा तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ४ हाल, वडा नं. ११ बस्ने **सुसिल पौडेल** ना.प्र.नं. : ४३१०२०/१०७२२० जारी मिति र जिल्ला : २०६५/०३/१९, तनहुँ)
२) मोहननाथ पौडेलको नाति बलभद्र पौडेलको छोरा तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ४ हाल, वडा नं. ११ बस्ने **शंकर देव पौडेल** ना.प्र.नं. : ११५० जारी मिति र जिल्ला : २०४१/०९/२३, तनहुँ)
३) पुरुषोत्तम वाग्लेको छोरी बलभद्र पौडेलको बुहारी शंकरदेव पौडेलको पत्नी तनहुँ जिल्ला जामुने वडा नं. १ हाल, व्यास न.पा. वडा नं. ११ **रिता वाग्ले** (ना.प्र.नं : ६७४३२, जारी मिति र जिल्ला : २०६०/०७/२४, तनहुँ)
४) बलभद्र पौडेलको नाति शंकरदेव पौडेलको छोरा तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ४ हाल, वडा नं. ११ बस्ने **साहास पौडेल** ना.प्र.नं. : ४३१००१/२६ जारी मिति र जिल्ला : २०६७/०३/१०, तनहुँ)
५) सोम राज न्यौपानेको छोरी शंकरदेव पौडेलको बुहारी सुसिल पौडेलको पत्नी तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ६ हाल, वडा नं. ११ **समिक्षा न्यौपाने** (ना.प्र.नं : ४३-०१-७५-०१४४१, जारी मिति र जिल्ला : २०७५/०२/०९, तनहुँ)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
१) मिति २०८१/१२/०८ को सौर्य दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।
२) मिति २०८२/०२/०७ को प्रभाव दैनिक राष्ट्रिय पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|
| शंकर देव पौडेल | तनहुँ जिल्ला फराकचौर वडा नं. ६ | ६ङ | १६९ | ४-४-०-० |
| | | | १७० | २-०-०-० |
| | तनहुँ जिल्ला फराकचौर वडा नं. ५ | ५क | ३८० | २-३-२-० |
| | | | ४६ | १०-४-३-१ |
| कौतीमा मल्टी एग्रो प्रा.लि. | तनहुँ जिल्ला फराकचौर वडा नं. ६ | ६ग | १४१ | १-०-०-० |
| | | | १४२ | ४-०-०-३ |
| | | | २८६ | २-९-१-० |
| | | | २८७ | १३-०-०-० |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८२/०३/१९ गते विहीबार भित्र यस बैकको शाखा कार्यालय दमौली आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०३/२० गते शुक्रबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय दमौलीमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ